# बडाहाकिमहरुको संकटकालीन अख्तियार ऐन २००८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध वीरुदावलीविराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्माण्डर इनचिफ श्रीमद् महाराजाधिराज श्री श्री श्री महाराजत्रिभुवन वीरविक्रम जङ्ग बहादुरशाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

अराजकताको दमन गर्नालाई ६ मैन्हाको निमित्त बडाहाकिमहरुलाई संकटकालीन अख्तियार दिने ऐन ।

अराजकता दबाउनु र दुनियाँमा शान्ति व्यवस्थाको पूर्ण स्थापना गर्न र त्यससम्बन्धी अरू कामको निमित्त बडाहाकिमहरुलाई संकटकालीन अख्तियार दिनुपर्ने आवश्यक देखिएकोले .

श्री ५ महाराजाधिराजबाट मंत्रिमण्डलको सल्लाहअनुसार तल लेखिएबमोजिमको ऐन जारी गरिबक्सेको छ ।

१. (१) यो ऐनको नाम बडाहाकिमहरुको संकटकालीन अख्तियार ऐन २००८ साल भन्ने रहेको छ ।

(२) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ । यो ऐन तुरुन्तै कार्यान्वित हुनेछ र ६ मैन्हाको अवधिलाई जारी रहनेछ ।

२. (१) कोही मानिसले शान्तिभङ्ग गर्न अथवा डकैती गर्न अथवा कुनै गम्भीर कसूर गर्न लागेकोछ भन्ने कुराको बडाहाकिमलाई चित्त बुझेमा बडाहाकिमले ३ मैन्हामा नबढाई केही अवधिसम्म त्यस्ता मानिसलाई गिरफ्तार गरी थुन्न पाउँछन् । बडाहाकिमलाई चित्त बुझ्ने गरी जमानत पेश गरेमा त्यस्ता मानिसलाई छोडिदिनुपर्छ ।

(२) उपधारा १ बमोजिम पक्राउ भएका मानिसले आफूलाई थुनामा राखेको सम्बन्धमा सरकारछेउ उजूर गर्न पाउँछ तथा सरकारले आवश्यक ठहराएमा निजलाई शर्त राखी वा विनाशर्तमा मुक्त गर्न सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. यो ऐन जारी भएको मितिले ६ मैन्हासम्मलाई सरकारबाट सरकार-मातहतका अधिकारिवर्गले दिएको हातहतियारको लाइसेन्सबाट प्राप्त विशेषाधिकार जति पाएकोछ त्यसमध्ये लाइसेन्स पाउने मानिसको घरद्वारभित्र लाइसेन्स राख्न पाउने अधिकारबाहेक अरू अधिकारहरू स्थगित रहनेछन् ।

४. कुनै व्यक्तिले सार्वजनिक स्थानमा लाइसेन्स भएको वा बेगरलाइसेन्सको हातहतियार लिएर आएमा सो मानिस तुरुन्त पकाउ हुन सक्नेछ र दोषी साबित भएमा ६ मैन्हा कडा कैद वा रू १०००। हज्जार रुपैयाँसम्मको जरिवाना वा दुवै दण्डको भागी हुनेछ ।

५. सरकारबाट स्वीकृति प्राप्त फौजका सदस्यहरू नभै खुकुरीबाहेक अरू आक्रमणको काममा इस्तेमाल गर्न हुने हतियारसहित कुनै ४ वा ४ भन्दा बढी मानिसको दफालाई सशस्त्र दल भनिन्छ ।

६. सशस्त्र दलको सदस्य कुनै व्यक्ति दोषी साबित भएमा २ वर्षसम्मको कडा कैद वा रू १०००। हजार रुपैयाँसम्मको जरिवाना वा दुवै दण्डको भागी हुनेछ ।

७. बडाहाकिमले वा जिल्लाको जङ्गी फौज वा पुलिसले आवश्यक ठहराएमा बलको प्रयोगद्वारा पनि सशस्त्र दललाई तितरबितर गर्न सक्दछ ।

८. यो ऐनमा लेखिएका विषयहरू प्रचलित ऐनसँग बाझिएमा पनि यही ऐन लागू हुनेछ ।

इति संवत् २००८ साल आषाढ १७ गते रोज शुभम्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।